**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २६ अप्रेल २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बंगाल विधानसभा चुनावको अन्तिम चरणको मतदानका लागि प्रचार अभियान समाप्त भएको छ। २९ अप्रिलको दिन १४२ सिटका लागि मतदान गराइनेछ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले राज्यमा भाजपा सरकार बनिने दाबी गर्नुभएको छ भने TMC नेता ममता ब्यानर्जीले ठूलो बहुमतका साथ चौथो पटक सत्तामा आउने ठोकुवा गर्नुभएको छ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किममा ५ हजार करोड रुपियाँ भन्दा बढीको विभिन्न विकास परियोजनाहरूको उद्घाटन-शिलान्यास गर्नुहुनेछ। दुई दिने भ्रमणमा रहनुभएको श्री मोदीले गान्तोकमा भव्य रोड-शो गर्नुभयो।
- पूर्व केन्द्रीय मन्त्री तथा भाजपा नेता दिनेश त्रिवेदीलाई बंगलादेशका लागि भारतको नयाँ उच्चायुक्त नियुक्त गरिएको छ।
- मिरिक निवासी सञ्चित थापाले उत्तराखण्ड रन प्रतियोगितामा पाँचौं स्थान हासिल गरेका छन्।

पश्चिम बंगाल -दोश्रो चरण -ममता ब्यनर्जी

पचिम बङ्गाल राज्य बिधानसभा चुनाउको दोस्रो चरणमा कुल १४२ विधानसभा सिटहरुमा १ हजार ४ सय ४८ उम्मेदवारहरू चुनावी मैदानमा छन्। तृणमूल कांग्रेस र कांग्रेसले सबै १४२ सिटहरुमा आफ्ना उम्मेदवारहरू उठाएका छन् भने भारतीय जनता पार्टीले १४१ सिटमा चुनाउ लडिरहेका छन् । यता भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) ले लगभग एक सय सिटहरुमा आफ्ना उम्मेदवारहरू खडा गरेको छ।आज पश्चिम बंगालमा दोस्रो चरणको मतदान अघि प्रचारको अन्तिम दिन आज तृणमूल कांग्रेसकी सुप्रीमो ममता बनर्जीले आज कोलकातामा विशाल रोड शो गर्नुभयो । उहाले टिएमसी सरकार चौथो पल्ट सत्तामा फर्किने दाबी गर्नुभएको छ । पाँच विधानसभा क्षेत्र हुँदै यो रैलीमा ठूलो संख्यामा मानिसहरू भेला भएका थिए । राज्यमा बुधबार दोस्रो चरणको मतदान हुने भएकाले आज साँझ प्रचार समाप्त भएको छ। चुनाउ प्रचार को अन्तिम समयमा ममता बनर्जीले कोलकातामा शक्ति प्रदर्शन गर्नुभयो ।

**पश्चिम बंगाल - चुनाव प्रचार - प्रधानमंत्री नरेंद्र मोदी वाचा**

पश्चिम बंगालमा चुनाव प्रचारको अन्तिम दिन प्रधानमन्त्री नरेन्द्र मोदीले जनतासँग ठूलो वाचा गर्नुभएको छ ।

***आज ब्याराकपुरमा रोड शोपछि चुनावी रैलीलाई सम्बोधन गर्नुहुदै प्रधानमन्त्री श्री मोदीले पश्चिम बंगालमा भाजपाले सरकार गठन गर्ने दाबी गर्नुभएको छ । उहाले 'चार मई पछि पश्चिम बंगालमा रोजगारसँग सम्बन्धित पाँच काम द्रुत गतिमा शुरु हुनेछन् । उहाले आफ्नो सम्बोधनमा वाचा गर्दै भन्नुभयो -पहिलो, बंगालमा सरकारी भर्तीको घोषणा समयमै र पारदर्शी ढंगले गरिनेछ र रोजगार मेलामा युवाहरूलाई नियुक्ति पत्र दिइनेछ। दोस्रो, सबै रिक्त पदहरू चाँडै भरिनेछन्। सरकारी कर्मचारीहरू तृणमूलको डरबाट मुक्त हुनेछन्। सरकारी कर्मचारीहरूले ७ औं वेतन आयोगको पूर्ण लाभ पाउनेछन्। तेस्रो, रचनात्मक अर्थव्यवस्था फस्टाउनेछ। बंगालका स्कूल र कलेजहरूमा कन्टेन्ट मेकर ल्याब स्थापना गर्ने काम गरिनेछ। चौथो, गाउँहरूमा १२५ दिनको रोजगार सुनिश्चित गरिनेछ। उहाले अझ भन्नुभयो -भाजपा सरकारले वीबी-जी रामजी एक्ट लागू गर्नेछ, जसले गाउँहरूमा रोजगार प्रदान गर्नेछ। यसबाहेक पीएम विश्वकर्मा योजना र पीएम संपदा योजना पूर्ण रूपमा लागू हुनेछ। पाँचौं शहरका सडक विक्रेताहरूले पीएम स्वनिधि योजनाको पूर्ण लाभ पाउनेछन् र बैंकबाट सहयोग प्राप्त गर्नेछन् । प्रधानमन्त्रीले अझ भन्नुभयो - पछिल्ला केही महिनामा ब्यारेकपुर औद्योगिक क्षेत्रमा लगभग एक दर्जन जुट मिलहरू बन्द भएका छन् । एकातिर रोजगार सिर्जना गर्ने कारखानाहरू बन्द भइरहेका छन्, अर्कोतिर बम कारखानाहरू फस्टाइरहेका छन् र गुण्डाहरूको प्रयोग गरेर ग्रासरुट सिन्डिकेटहरू विस्तार भइरहेका छन् । प्रधानमन्त्री नरेन्द्र मोदीले अझ भन्नुभयो - १५ वर्षदेखि जनताले तृणमूल कांग्रेसलाई अवसर दिएका हुन् , तर उनीहरूले 'आमा', महिलाहरुको सुरक्षा र कल्याणका लागि केही गरेका छैनन्।***

**निर्वाचन आयोग- पश्चिम बंगाल**

निर्वाचन आयोगले पश्चिम बंगालमा दोस्रो चरणको विधानसभा चुनावका लागि कठोर सुरक्षा योजनाको घोषणा गरेको छ, जसले मतदानमा बाधा पुर्याउने वा मतदाताहरूलाई बाधा पुर्याउने कुनै पनि प्रयासलाई दृढतापूर्वक कारबाही गर्ने स्पष्ट पारेको

छ। निर्वाचन आयोगले सुरक्षाकर्मीहरूलाई निर्वाचन क्षेत्र अनुसार तैनाथ गर्न र भित्री गल्ली र संवेदनशील छिमेकहरूमा क्षेत्र प्रभुत्वको अभ्यास बढाउन निर्देश दिएको छ ताकि मतदाताहरूले बिना कुनै डर आफ्नो मताधिकारको प्रयोग गर्न सकून्। चुनाउ अधिकारीहरू, वरिष्ठ पुलिस अधिकारीहरू र कोलकाता अन्तर्गतका तीन निर्वाचन जिल्लाहरुका केन्द्रीय बलका कमान्डरहरूको उपस्थितिमा भएको उच्चस्तरीय समन्वय बैठकमा आयोगले २९ अप्रेल मा मतदान हुने १४२ निर्वाचन क्षेत्रको तयारीको समीक्षा गर्यो। यसैबीच, दोस्रो चरणको मतदानअघि दक्षिण २४ परगना जिल्लाको काकद्वीपको भ्रमण गरेका राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूसँग बैठक गर्नुभयो एवं मतदाताहरूलाई स्वतन्त्र रूपमा भाग लिन प्रोत्साहित गर्न आग्रह गर्नुभयो ।

**पश्चिम बंगाल - कानून-व्यवस्था**

पश्चिम बंगालमा पहिलो चरणको मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भएपछि पुलिस प्रशासनले दोस्रो चरणको मतदान अघि राज्यमा कानून व्यवस्था कायम गर्न कठोर अडान लिएको छ।

***पुलिसबाट प्राप्त जानकारी अनुसार सोमबार बिहानसम्म चलेको ३६ घण्टा विशेष अभियान र नाका जाँचका क्रममा कुल १ हजार ९५ कथित 'अपराधी' वा 'संदिग्ध' व्यक्तिहरूलाई पक्राउ गरिएको छ। प्रशासनिक सुत्र अनुसार अहिलेसम्म पक्राउ परेकाहरूको कुल संख्या बढेर एक हजार ५४३ पुगेको छ। पुलिस सुत्र अनुसार जिल्लावार आकड़ामा पूर्व बर्धमान सबैभन्दा माथि छ, जहाँ ४७९ जना पक्राउ परेका छन्। त्यसपछि उत्तर २४ परगनामा ३११ जना, दक्षिण २४ परगनामा २४६ जनालाई हिरासतमा लिइएको छ। यता कोलकाता उत्तरमा १०९, हुगलीमा ४९, नादियाबाट ३२ र हावडामा ३२ जना पक्राउ परेका छन्। यसैबीच, यी गिरफ्तारीलाई लिएर राजनीतिक विवाद पनि शुरु भएको छ। राज्य पुलिसका पूर्व महानिर्देशक तथा तृणमूल कांग्रेसका राज्यसभा सांसद राजीव कुमारले कारबाहीमाथि प्रश्न उठाएका छन् । उनीहरूले कैयौँ घटनामा पुलिस पर्यवेक्षकको मौखिक उजुरीका आधारमा मात्र पक्राउ गरिएको आरोप लगाएका छन्, जुन निर्वाचन नियमको उल्लंघन हो । निर्वाचन आयोगले जारी गरेको सूचीमा केही राजनीतिक अनुहारको नाम पनि समावेश छ । तीमध्ये बर्धमान तृणमूलका पूर्व पार्षद नाडुगोपाल भकतको पक्राउले राजनीतिक वृत्तमा चर्चा तीव्र बनाएको छ । यद्यपि प्रशासनले उनको गिरफ्तारीको सही कारणबारे विस्तृत जानकारी दिएको छैन । प्रशासनिक सुत्र अनुसार चुनाव अघि सम्भावित अशान्ति रोक्नका लागि राज्यभरि यस्ता अभियानहरू तीव्र बनाइने छ । पुलिस अधिकारीहरूका अनुसार मतदाताहरूको सुरक्षा सुनिश्चित गर्न र शान्तिपूर्ण चुनाव गराउन यस्ता कदमहरू चालिएका छन् ।***

**पश्चिम बंगाल विधानसभा चुनाव - चुनाव आयोग निर्देश - पूर्ण प्रतिबंध**

पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो चरणको मतदानअघि चुनाउ आयोगको निर्देशमा २६ अप्रेल देखि २९ अप्रिलसम्म राज्यमा मदिरा बिक्रीमा पूर्ण प्रतिबन्ध लगाइएको छ । यसैबीच प्रतिबन्धको फाइदा उठाउँदै कालोबजारी गर्ने प्रयासको घटना प्रकाशमा आएको छ । सिलिगुडीको प्रधान नगर थाना क्षेत्रमा पुलिसले गोप्य सूचनाको आधारमा ठूलो कारबाही गरेको छ र एक घरबाट ठूलो मात्रामा विदेशी मदिरा जफत गरेको छ । जानकारी अनुसार, धर्मनगर क्षेत्रको एक वार्डमा रहेको एक घरमा मदिरा भण्डारण गरिएको थियो, जुन प्रतिबन्धको समयमा उच्च मूल्यमा बेच्ने योजना थियो । हिजो राति प्रधान नगर पुलिस स्टेशनको पुलिस टोलीले सादा पोशाकमा छापा मारेर लगभग तीन लाख रुपिया बराबरको विदेशी मदिरा जफत गरेको छ । चुनाउलाई मध्यनजर गर्दै प्रशासनले गैरकानुनी गतिविधिमाथि कडा नजर राखेको छ र यस्ता घटनामा कठोर कारबाही भइरहेको छ ।

**प्रधानमन्त्री नरेन्द्र मोदी- ब्याराकपुर-चुनावी जनसभा**

पश्चिम बङ्गाल विधानसभा चुनावको दोस्रो अनि अन्तिम चरणको प्रचार अभियान आज समाप्त भएको छ ।भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले चुनाउ प्रचार को अन्तिम दिन जिलेपी मठमा एक जनसभालाई सम्बोधन गर्नुहुदै अझ भन्नुभयो -बर्ष १८५७मा ब्याराकपुरले भारतको पहिलो स्वतन्त्रता संग्रामलाई शक्ति प्रदान गर्दै महत्वपूर्ण भूमिका खेलेको बताउनु भएको छ । उहाले अझ भन्नुभयो - त्यही भूमिले अब बङ्गालमा परिवर्तनको मार्ग प्रशस्त गरिरहेको छ जहा "पलटानो दोरकार" (परिवर्तन आवश्यक छ) को स्पष्ट आह्वान सुनिन्दैछ । प्रधानमन्त्री श्री मोदीले - सम्पूर्ण देश पूर्वोत्तर भारतको विकासको साक्षी छ, जबकि बङ्गाल ऐतिहासिक परिवर्तनको दौरबाट गुज्रिरहेको बताउनुभएको छ ।

**पश्चिम बंगाल-तनाउ**

पश्चिम बंगालमा दोस्रो चरणको मतदान अघि उत्तर २४ परगना जिल्लाको भाटपाडामा हिज अबेर राती भारी तनाव र हिंसाको घटना भएको छ । भाजपा उम्मेदवार पवन सिंहको घर बाहिर गोली चलेको र बम विस्फोटको खबर आएको छ । यस घटनामा पवन सिंहको सुरक्षामा तैनात केन्द्रीय बलका एक जवान घाइते भएका छन् । घाइते सीआईएसएफ जवानलाई अस्पतालमा भर्ना गरिएको छ । यो घटना आइतबार साँझबाट शुरु भएको थियो ।

**पश्चिम बंगाल - दीघा – पर्यटक प्रवेश**

पश्चिम बंगालमा २९ अप्रेलमा हुने दोस्रो चरणको मतदानका लागि दीघामा पर्यटकहरूको प्रवेशमा कुनै प्रतिबन्ध छैन। जिल्ला प्रशासनले स्पष्ट गर्दै भनेको छ , पूर्व मेदिनीपुरमा पहिलो चरणमा मतदान सम्पन्न भइसकेको छ, त्यसैले अब पर्यटकहरूलाई होटलमा बस्न वा समुद्र तटमा आउन कुनै प्रतिबन्ध छैन। उल्लेखनीय छ , राज्यमा २३ अप्रेलमा पहिलो चरणको मतदान भएको थियो, जसमा पूर्व मेदिनीपुर पनि समावेश थियो। मतदान अघि चुनाउ आयोगले २१ अप्रेलदेखि दीघा, मन्दारमणि र ताजपुरका होटलहरूमा विदेशी पर्यटकहरूको बस्नमा अस्थायी प्रतिबन्ध लगाएको थियो। तर, मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भए पछि कुनै सुचना प्राप्त नभएको तथा यी पर्यटन केन्द्रहरुमा पर्यटकहरुको बुकिंग जारी रहेको छ ।

**पी.एम सिक्किम भिजिट**

प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किममा झण्डै ४हजार करोड़ रूपियाँका विभिन्न परियोजनाहरूको उद्घाटन तथा शिलाान्यास गर्नु हुनेछ। उहाँ आज अपरान्ह कोलकाता नजीक बैरकपुर देखि बागडोगरा हवाई अड्डा तथा हेलिकप्टरद्वारा गान्तोक पुग्नुभयो ।गान्तोकमा उहाँले एउटा ठूलो रोड शो गर्नुभयो। रोडशोमा सिक्किमका मुख्यमंत्री श्री प्रेम सिंह तामंग गोले तथा भाजपाका प्रदेश अध्यक्ष र डी.बी थापा उपस्थित थिए। प्रधानमंत्रीलाई लिभिंग हेलीपैडमा राज्यपाल ओम प्राकाश माथुर, मुख्यमंत्री श्री गोलेले भव्य स्वाग जनाए।प्रधानमंत्रीको स्वागतमा ठूलो ससंख्यामा मानिसहरू सड़क किनारमा उपस्थित थिए तथा हातमा तिरंगा लिएर न्यानो स्वागत जनाई रहेका थिए भने विभिन्न समूहहरूले पारम्परिक वेशभूषामा गाजाबाजाका साथ श्री मोदीलाई स्वागत जनाईरहेका थिए।प्रधानमंत्री भोली इन्डोर क्रिकेट अकादमीको पनि उद्घाटन गर्नु हुनेछ। यसका लागि आईसीसी अध्यक्ष जय शाह आज बिहानै गान्तोक पुग्नु भएको छ। सुन्नु हो हाम्रा संवादाताको एक रिर्पोट ……

**बंगलादेश**

पूर्व केन्द्रिय तथा भजपा नेता दिनेश त्रिवेदीलाई बंगलादेशका लागि भारतको उच्चयुक्त नियुक्त गरिएको छ। केन्द्रिय विदेशमंत्रालयले यसबारे जानकारी दिएको छ। मंत्रालयले भनेको छ श्री त्रिवेदी चाड़ै नै ढ़ाका पुगेर पदभार सम्भाल्नु हुनेछ। त्रिवेदी प्रणय वर्माको स्थान लिनु हुनेछ। श्री वर्मालाई युरोपेली संघका लागि भारतको राजदूत नियुक्त गरिएको छ। उहाँ पनि चाड़ै ब्रसेल्स पुगेर पदभार सम्भाल्नु हुनेछ।

**सिलीगुड़ी सुरक्षाबल**

राज्यमा पहिलो चरणको मतदान पछि ४ मईको दिन मतगणनाको बेला कुनै न्सिा नाहोस तथामानिहसरू मा हिन्सके संभावनाहरूलाई लिएर कुनै प्रकारको त्रास उत्पन्न नहोस भन्ने उदेश्यले सिलगडीका कतिपय ससंवदेनशील इलाकाहरूमा केन्द्रिय सुरक्षा बलका जवानहरूले फलैग मार्च शुरू गरेका छन्। यसको उद्देश्य चुनाव पछिको हिन्साको रोकथाम गर्नु तथा जनमासमा सुरक्षाको विश्वास कायम गर्नु रहेको छ।

**मिरिक रनर्स इनिसिएटिभ- उपलब्धि**

मिरिक रनर्स इनिसिएटिभका अनुभवी धावक तथा सेना पदक विजेता सचित थापाले प्रतिष्ठित हाई अल्टिट्यूड १२ हजार ८ सय ४५ फिट – सूर्य देव भूमि उत्तराखण्ड २.० च्यालेन्ज दौडमा पाँचौं स्थान हासिल गरेर दार्जीलिंगको राम रोशन गर्नुभएको छ । ५०+ वर्गमा प्रतिस्पर्धा गर्दै, थापाले असाधारण सहनशीलता र दृढता प्रदर्शन गर्दै चरम उच्च-अल्टिट्यूड अवस्थामा तीन दिनको कठिन ११३ किलोमिटर अल्ट्रा दौड पूरा गर्नुभयो ।

**********